# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

व्याङ्गडाँडा, झापा

२०७३

कोशी प्रदेश, नेपाल

प.सं.:
च.न

मितिः-२०८२-५-२

**झिलझिले बसपार्कमा रहेको व्यवसायीक सटरकोठाहरु भाडामा लगाउने वारेको सूचना**

प्रस्तुत विषयमा शिवसताक्षी नगरपालिका वडा नं. ११, झिलझिले बसपार्कमा रहेको व्यवसायीक सटर कोठाहरु तपिशलअनुसारको न्यूनतम दररेटमा भाडामा लिई व्यवसाय संचालन गर्न चाहने व्यवसायीहरुले शिवसताक्षी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भाडा सम्बन्धी शर्तहरुः

१. इच्छुक व्यवसायीहरुले सूचना प्रकाशन भएको १५ दिन भित्र व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नविकरण भएको), स्थायी लेखा नम्बर वा मु.अ.कर (VAT) दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन दिनु पर्नेछ ।
२. सटर कोठाको विद्युत सेवाको लागि एक पटक विद्युत वाईरिङ्ग तथा विद्युत खपत अङ्क निर्धारणका लागि सबमिटरको व्यवस्थापन नगरपालिकाले गर्नेछ । बाँकी कार्य दोस्रो पक्षले गर्नेछ ।
३. व्यवसायबाट निस्किएको फोहोर मैला निश्चित ठाउँमा व्यवसायीले व्यवस्थापन गर्नु पर्नेछ ।
४. सटर कोठा भाडामा लिए वापत सटर भाडाको ३ (तीन) महिना बराबरको धरौटी वापतको रकम सम्झौताअगाडि नगरपालिकामा जम्मा गर्नु पर्नेछ ।
५. सटर भाडा महिना समाप्त भएको ७ (सात) दिन भित्र अनिवार्य बुझाउनु पर्नेछ । अवधि नाघेको १५ दिन सम्म ढिला हुन गएको सबुत प्रमाण सहित स्वयम उपस्थित भएमा विलम्ब शुल्क लाग्ने छैन ।
६. सटर भाडा २ महिना सम्म नबुझाएमा १० प्रतिशतका दरले हुने विलम्ब शुल्क व्यवसायीले बुझाउनु पर्नेछ । तर २ महिना अवधि नाघेमा धरौटी रकम जफत गरी सम्झौता भङ्ग हुनेछ ।
७. सबमिटरमा उठेको खपत अंकको आधारमा विद्युत महसुल मासिक रुपमा अनिवार्य बुझाउनु पर्नेछ । विद्युत रकम वक्यौता राख्न पाइने छैन ।
८. नगरपालिकाले तोकेको दररेटअनुसारको फोहोर मैला व्यवस्थापन शुल्क सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।
९. कानूनले वर्जित गरेको सामानहरू बिक्री वितरण गर्न पाईने छैन । यदि कसैले गरेको प्रमाणित भएमा जुनसुकै बखत धरौटी रकम जफत गरी सम्झौता रद्ध गरिने छ ।
१०. प्रत्येक २ (दुई) वर्षमा १० (दश) प्रतिशतका दरले भाडा वृद्धि हुनेछ ।
११. व्यवसायिले सटर कोठा छोड्नु पर्ने भएमा १५ दिन अगाडि नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

व्याङ्डाँडा, झापा

२०७३

कोशी प्रदेश, नेपाल

प.सं.:
च.न


१३. पानीको सेवाको लागि एक पटक वाईरिङ्ग मिटर जडान नगरपालिकाले गर्नेछ र सोमा उठेको अंकको आधारमा बील भुक्तानी सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

१४. खाली सटरको लागि मात्र निवेदन पेस गर्न पाइने छ । एउटै सटरको लागि एक भन्दा बढी निवेदन पेस हुन आएमा पहिलो पेस हुने निवेदनलाई पहिलो प्राथमिकता दिई सटर उपलब्ध गराइने छ ।

१५. माथि उल्लेख भए भन्दा बाँकी यस नगरपालिकाको झिलझिले बसपार्क निर्माण तथा व्यवस्थापन कार्यविधि, २०७७, प्रचलित कानून अनुसार हुनेछ ।

**तपसिल**

भाडा दर रेटः

१. लोकमार्ग तर्फका सटरहरू मासिक रु. ३०००/- (२ वटा सटर भएका)

२. लोकमार्ग तर्फका सटरहरू मासिक रु. २५००/- (१ वटा सटर भएका)

३. उत्तर तर्फका सटरहरू मासिक रु. २५००/- (२ वटा सटर भएका)

४. उत्तर तर्फका सटरहरू मासिक रु. २०००/- (१ वटा सटर भएका)

.................

सुनिता तुम्बाहाङ्फे

प्रमुख प्रशासकीय अधिकृत